# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुडिया, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल ।

## विभिन्न आय ठेक्काको सिलबन्दी दरभाउपत्र आवहान सम्बन्धि ७ दिने सुचना

दोस्रो पटक सुचना प्रकाशित मिति २०७९।०६।०६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ बमोजिम यस गाउँपालिका अन्तरगत देहायका शिर्षकमा ठेक्का बन्दोबस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक ब्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवहान गरिन्छ ।

तपसिल

| ठेक्का न. | आय ठेक्काको नाम | न्यनतम अंक(मुल्य अभिबृद्धिकर बाहेक) रु |
|---|---|---|
| आय-२/०७९।०८० | मंगलबार र शुक्रबार लाग्ने हाट बजार, सुस्ता गा.पा. २ फेनहरामा | १६००००।- |
| आय-३/०७९।०८० | सोमबार र शुक्रबार लाग्ने हाट बजार, सुस्ता गा.पा. २ कुडियामा | १२००००।- |

### शर्तहरु

१) सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले ७ दिन सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखा बाट रु ३०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. ०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंक माथी उल्लेख भए बमोजिम हुने छ ।

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको एन एम बि बैक, कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ ग ३ सुस्ता गा.पा.धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा सिलबन्दी खाम भित्र नगदै संलग्न गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२.०० बजे भित्र सम्बन्धित वडा कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको २.०० बजे वडा कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभएता पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्बजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

८) ठेक्काको अवधि २०८० असाढ मसान्त सम्म हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोडन पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन उक्त रकम कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

९)साप्ताहिक हाट बजारको हकमा बजार सरसफाई एवं अन्य प्रबन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ ।

१०) ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार सम्बन्धित वडा कार्यालयमा सुरक्षित हुनेछ ।

११)ठेक्का स्वीकृत भए पछि कुनै किसिमको फेर बदल वा मिनाहा छुट हुने छैन ।

१२) ठेक्का सदर भएको मितिले सात (७) दिन भित्र कबोल गरेको सम्पुर्ण रकम मुल्य अभिबृद्धि कर सहित बुझाई सम्बन्धित वडा कार्यालयबाट ठेक्का चलान पत्र लिई सक्नु पर्ने छ । यदि सात दिन भित्र पट्टा नउठाएमा धरौटी रकम जफत गरि सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१३) अन्य जानकारीको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नु होला ।

२०७९/०८/०६

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत